नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १४ गते २०२६ साल

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०२४ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०२६।७।१५।६ को निर्णयानुसार सो नियमको अनुसूची २ को शिर्षक नं. ७ मा जल तथा विद्युत् मन्त्रालयमा रहेको विषय नं. १४ को लघु सिंचाई विषयलाई सो स्थानबाट झिकी सोही अनुसूचीको शिर्षक नं. १० मा खाद्य तथा कृषि मन्त्रालय अन्तर्गत विषय नं. २५ गरी सार्ने र सो काम सोही मन्त्रालय अन्तर्गत खडा गरिएको लघु सिंचाई विभागबाट संचालन गर्ने गरी यो आदेश जारी गरिएको छ ।

आज्ञाले–

कृष्णबम मल्ल

श्री ५ को सरकारको मुख्य सचिव ।

२५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।